अनुसूची-२ क
(दफा ४ को
सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को बिक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०७७/०६/१४

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. र यस सुनिलस्मृति गाउँपालिका वा आर्थिक ऐन,२०७७को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खन्न गरी सुनिलस्मृति गाउँपालिले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७६/७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी पशिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपशिल

| ठेक्का नं | ठेक्का को किशिम | सम्भावित उत्खनन् हुने नदी जन्य पदार्थ क्यु.मि. मा | जम्मा ठेक्काको अंक रु | पछि फिर्ता नहुने गरि दरभाउपत्र फारम खरिद गर्ने दस्तुर |
|---|---|---|---|---|
| २/०७६/०७७ | १. माडी होला क्षेत्र नं. १<br>२. लुंग्री खोला क्षेत्र नं. १<br>३. गजुल खोला क्षेत्र नं. १<br>४. फगाम खोला क्षेत्र नं. १<br>५. जुतुङ खोला क्षेत्र नं. १<br>६. अरेश खोला क्षेत्र नं. १<br>७. लुंग्री खोला क्षेत्र नं. २ | ८६३९.४<br>१९८७८.७५<br>३१९<br>५२८३.६<br>२४७०.९५<br>११९०<br>३६५९४ | १०,००,०००/-<br>(दश लाख रुपैया) | १०००/-<br>(एक हजार रुपैया) |

शर्तहरु :

१.फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सिलबन्दी दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा ग्लोबल आई एम ई बैक शाखा कार्यालय सुलीचौर रोल्पामा रहेको यस कार्यालयको खाता नं.८२०४०१००००१८ आन्तरीक राजश्व खातामा जम्मा गरेको भौचर साथ निवेदन यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खाता नं. मा जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२.सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आई एम ई बैक शाखा कार्यालय सुलीचौर रोल्पामा मा रहेका ग.३ सुनिलस्मृति गाउँपालिका धरौटी खाता नं. ८२०४०१००००००४ जम्मा गरी सोको सक्कल बैक भौचर वा नेपाल

प्रमुख प्रशासकीय अधिकृत

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०

राष्ट्र बैकबाट इजाजत प्राप्त बैकबाट यस कार्यालयको नाममा सिलबन्दी दरभाउपत्र नं. र नाम उल्लेख गरी १२० दिनेको म्याद सहित जारी गरिएको विड वण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको सिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी सिलबन्दी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, सिलबन्दी दरभाउपत्र विवरण प्रोपाइटरको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अंकको प्रथम किस्तावापत ६० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाममा २०७८ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै सिलबन्दी दरभाउपत्र कवोल गर्ने व्यक्ति वा फर्मले नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने आयकर तथा अन्य कर सिलबन्दी दरभाउपत्रदाता स्वंयले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार सिलबन्दी दरभाउपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खन्न क्षेत्र र उत्खन्न परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

९. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस गाउँ कार्यपालिकाको राजस्व शाखा वा फोन नं. ९८५७८२४९१० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत